सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडाँ, प्यूठान

प.स:२०७९/०८०
च.नं:

लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

(दोश्रो प्रथम पटक प्रकाशित मिति २०७९/१०/०७ गते)

सरुमारानी गाउँपालिका अन्तर्गत देहाय बमोजिमका खोला तथा नदीहरुबाट ठेक्का प्रकृयाद्वारा नदिजन्य पदार्थ उत्खनन, संकलन तथा घाटगद्दि गर्ने र घाटगद्दि स्थलबाट बिक्री वितरण गर्ने कार्य गर्न गराउन आवश्यक भएकाले लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को नियम ७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। कानूनी प्रकृया पुरा गरेका ईच्छुक(मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण प्रमाणपत्र, आ.व. ०७८/०७९ को आयकर चुक्ता प्रमाणपत्र भएका) ठेकेदार/फर्मले बोलपत्र खरिद गरि तपसिलको शर्तका आधारमा आफूले कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरि अंक र अक्षरमा खुलाई ठेक्का नम्बर उल्लेख गरि यस कार्यालयमा बोलपत्र पेश गर्न आव्हान गरिन्छ।

यसरी बोलपत्र पेश गर्दा प्रोपराईटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमणित प्रतिलिपि समेत बोलपत्र साथ राखी बुझाउन कबुल गरेको मु.अ.कर सहितको ठेक्का अंकको ५% का दरले हुने धरौटी (बोलपत्र जमानत) वाफतको रकम यस सरुमारानी गाउँपालिकाको नाममा प्राईम कर्मसियल बैंक बड्डाडाँमा रहेको GA.3 DHARAUTI A/C धरौटी खाता नंम्बर 06800394CA मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं समेत उल्लेख गरी जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडवण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप भएको सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकरीक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी (बोलपत्र जमानत) जफत हुनेछ। बोलपत्र दाखिला गर्न अगावै सम्बन्धित बोलपत्रदाताले उत्खनन् एंव घटागद्दि स्थलको निरिक्षण गरेर मात्र बोलपत्र पेश गर्नुपर्नेछ। पछि परिमाणमा कमी आएको भनी वा अन्य कुनै किसिमको दावी गर्न पाईने छैन। बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनुपर्नेछ र बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि बोलपत्र खोल्न सकिने छ। ठेक्का सम्बन्धी शर्तहरु बोलपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

| ठेक्का नं | खोला/नदी | क्षेत्र | उत्खनन् गरिने अनुमानित परिमाण(घ.मि.) | जम्मा न्यूनतम अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर | विड सेक्युरिटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| SRM/Agg-01/079/080 | राप्ती नदी | ददेरी | 38400 | 8140800.00 | 3000 | कबोल अंकको ५% | |
| SRM/Agg-02/079/080 | राप्ती नदी | रानीबगर | 38400 | 8140800.00 | 3000 | कबोल अंकको ५% | |
| SRM/Agg-03/079/080 | राप्ती नदी | सुनघाट | 38400 | 8140800.00 | 3000 | कबोल अंकको ५% | |
| SRM/Agg-04/079/080 | राप्ती नदी | तित्रीवाझ वेलघाट | 38400 | 8140800.00 | 3000 | कबोल अंकको ५% | |
| SRM/Agg-05/079/080 | राप्ती नदी | झिलिवाङ धाद्र | 38400 | 8140800.00 | 3000 | कबोल अंकको ५% | |

१. बोलपत्र बिक्री हुने अन्तिम मिति, समय: २०७९/१०/१५ गते सम्म कार्यालय समय भित्र

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति,समय: २०७९/१०/१६ गते सम्म दिनको १२:00 बजे

३. बोलपत्र खोलिने स्थान, मिति, समय: २०७९/१०/१६ गते १३:00 बजे गाउँ कार्यपालिकाको कार्यालय बड्डाडाँ, प्यूठान।

नोट:

- बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलीपल्ट सोही समयमा हुनेछ।
- विस्तृत जानकारीका लागि यस कार्यालयको website: www.sarumaranimun.gov.np मा हेर्न सकिनेछ साथै यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाडा, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ ,Website:www.sarumaranimun.gov.np
Email:sarumarani2073@gmail.com